गोडैता नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# नीति तथा कार्यक्रम

आ.व.२०७९/०८०

गोडैता, सर्लाही

मधेस प्रदेश , नेपाल

मिति:२०७९/०३/१०

गोडैता नगरपालिकाका उप-प्रमुख,प्रमुख प्रशासकीय अधिकृत,नगर सभा सदस्यहरु, आदरणीय अतिथिज्युहरु,जिल्ला स्थित कार्यालयका प्रमुखहरु, सल्लाहकार, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,पत्रकार तथा संचारकर्मीहरु,यस नगरपालिकाका कर्मचारीहरु, सूरक्षा निकायका सुरक्षाकर्मीहरु,उपस्थिति सम्पूर्ण महानुभावहरु लगायत एफ. एम. बाट प्रत्यक्ष प्रसारण सुनिरहनु भएका सम्पूर्ण नगरवासीहरुलाई यस गोडैता नगरपालिकाको छैठो नगर अधिबेशनमा हार्दिक स्वागत गर्दछु।

**गरिमामय नगरसभाका सदस्यहरु,**

गोडैता नगरपालिकाको आर्थिकवर्ष२०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्नपाउँदा मलाई अत्यन्त खुशी लागेको छ । सम्बत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान गरि निर्वाचित गर्नु हुने आदरणी यस गोडैता नगरबासी आमा, बुवा, दाजुभाई, दिदी बहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु। यस अवसरमा नेपाली जनताको अथक प्रयास,चाहना,विभिन्न कालखण्ड र समय समयमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र संघीयताको लागि २००७ सालको क्रान्ति, २०४६ सालको जन आन्दोलन, २०६२/६३ को जन आन्दोलन, मधेश, थरुवट आन्दोलन लगायत जन स्तरवाट भए गरेका जन संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

यस नगरको विकास, सुधार र समृधिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश कानून र स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्य २०१५ देखि २०३०, जनसंख्या तथा विकास सम्मेलन १९९४ द्वारा प्रदत्त हक, अधिकार, जवाफदेहिताको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं ।

गोडैता नगरको **"कृषि, स्वास्थ्य, शिक्षा तथा स्वरोजगार गोडैता नगरपालिकाको समृधिको आधार"**सफल पार्न हाम्रो पहिलो कर्तब्य हुन् आएको छ। कृषिमा आधारित जीवन र अर्थतन्त्र गोडैता नगरको पहिलो सम्भावना हो। कृषिलाई बैज्ञानिक, यान्त्रिक,व्यवसायीक र स्वरोजगार प्राप्त गर्न क्षेत्रको रुपमा देखेका छौ। कृषि सित सम्बन्धित सबै व्यवस्थापन हाम्रो प्रस्थान विन्दु बनेको छ ।सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सुचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। स्वच्छ, सफा र हरियालीयुक्त पर्यावरण विकास गरि गोडैतालाई सामाजिक न्यायमा आधारित समाज वनाउने हाम्रो ध्येय रहेको छ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।

जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने नगरपालिकाको प्रशासनिक भवन निर्माण,वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा बृधि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उधमशिलता, सामाजिक विकास,मानवसंसाधन विकास, इतिहास,लोक संस्कृति, सम्पदार सभ्यताको संरक्षंण, सम्बर्धन र प्रबर्धन गर्न,युवा तथा खेलकुद,भौतिक पूर्वाधार विकास, बजार व्यवस्थापन, सार्वजनिक यतायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्यायनिरुपण, मानव अधिकार प्रवर्धन, सबै खाले हानिकारक सामाजिक अभ्यासहरू विरुद्ध ,वाल अधिकार संरक्षण र प्रवर्धन, यौनिक अल्पसंख्यकको सवाल निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

अगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनको गर्न आम नगरवासी तथा सबै पेशा,व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विस्वस्त रहेको छु ।

**आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको समिक्षाः**

१) गोडैता नगरपालिकाकोस्वास्थ्य नीति तयार भइ कार्यान्वनमा रहेको छ ।

२) शिक्षा नीति तयार भइ कार्यान्वनमा रहेको छ ।

३) लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनेको छ, यसै अधिवेशनबाट अनुमोदन गरि पुर्णरुपमा कार्यान्वन गर्न योजना रहेको छ ।

**गरिमामय सभाका सदस्यज्युहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुः**

अव म आर्थिक वर्ष २०७९/०८० नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको बैठक समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस नगरपालिकाको दिर्घकालिन सोच **"कृषि, स्वास्थ्य, शिक्षा तथा स्वरोजगार गोडैता नगरपालिकाको समृधिको आधार"** रहेको छ | यस सोचलाई पुरा गर्न देहायको रणनीतिहरु अवलम्वन गरिनेछन|

**<u>कृषि तथा पशु पक्षी नीतिः</u>**

१. गोडैता नगरपालिकाको आर्थिक विकासको मुख्य मेरुदण्डको रुपमा रहेका कृषि क्षेत्र विकासमा विशेष ध्यान दिइने छ ।

२. व्यवसायिक तथा आत्मानिर्भर खेतीको लागी कृषकहरुलाई वर्ष भरी सहुलियत दरमा जैविक र रसायनिक मल उपलब्ध गराउन पहल गरिनेछ|
३. बालीनालीमा किटनाशक विषादीको अत्यधिक प्रयोगले जन स्वास्थ्यमा पर्दै गएको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न जैविक विषादीको उत्पादन र प्रयोग गर्नका लागी किसानलाई प्रोत्साहन गरिनेछ ।
४. सिचाई सुविधा सबै कृषि योग्य जमिनमा पुर्याउनका लागि कमब्ध रुपमा सिचाईको लागी बिधुत सेवा बिस्तार गरिनेछ र स्यालो टयूबेल जडानको व्यवस्था मिलाइनेछ|
५. कृषि कार्यलाई सहज बनाउनको लागी कृषकहरुलाई साना र मझौला-उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ ।
६. कृषि तथा पशु पक्षी फर्म संचालन गर्ने किसानलाई प्राबिधिक तालिम, प्राबिधिक सहयोग र उत्पादित वस्तु बजारीकरण गर्न सहयोग उपलब्ध गरांइनेछ|
७. उखु किसानलाई उखु बेचेको रकम भुक्तानीमा सहजीकरण गरिनेछ ।
८. युवालाई कृषि तथा पशु पक्षी फर्म संचालन गर्न सहकारी र बैकसँग सहुलियत दरमा ऋण सुविधा गराउन सहजीकरण गरिनेछ ।
९. यस न.पा. अर्न्तगत तरकारी खेति प्रबर्द्धन गर्नको लागी पकेट विकास कार्यक्रम संचालन गर्ने र किसानलाई विषादी छर्ने टंकी उपलब्ध गराइनेछ
१०. यस न.पा. को मुख्य खाद्यबालीको रुपमा रहेका धान र गहु बालीको उत्पादन अभिबृद्धी गर्नको लागी उन्नत जातका बिउ सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
११. पशुपन्छीहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालान गरिनेछ
१२. कृषि,पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम संचालन गरिनेछ ।
१३. आ.व.२०७८/०७९ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।
१४. गँहु उत्पादनलाई प्रवर्द्धन गर्न किसानहरुलाई ५०% अनुदानमा दिदै आएको अनुदानमा आधारित गँहु बीउ वितरण कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।
१५. यस न. पा.मा आर्थिक बर्ष २०७९।०८० मा उखु किसानहरुलाई उखु उत्पादन अभिबृद्धि गर्न उखु विकास पकेट कार्यकम संचालन गरिनेछ ।

## स्वास्थ्य तथा जनसंख्या नीति:

१. मातृमृत्युदर शुन्यमा झार्न हरेक गर्भ इच्छित र हरेक शिशुको जन्म सुरक्षित बनाइनेछ|
२. परिवार नियोजनको अपुग माग २२ बाट घटाएर १० मा झारिनेछ|
३. क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पँहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम संचालन गरिनेछ ।
४. कोभिड-१९ विरुद्धको खोप सबै उमेर सहुहको नागरिक लाइ १००% लगाएको सुनिश्चित गरिनेछ|
५. पशुपंछी आदीबाट हुने इन्फुएन्जा, बर्ड फ्लु, आदी विभिन्न सरुवा रोग सम्बन्धी रोकथाम तथा नियन्त्रणका लागी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
६. यस आर्थिक बर्ष देखी टाईफाइड रोग नियन्त्रण गर्न खोप कार्यक्रम संचालन गरिनेछ । साथै नियमित खोपमा टाईफाइड खोप सुरुवात गर्ने राष्टिय नितिलाई शतप्रतिशत कार्यान्वयन गरिनछ ।
७. पोषण सुधारको लागी विद्यालयमा खानेपानी योजना निर्माण र मर्मत सम्भार गरिनेछ ।
८. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सूरक्षा, गर्भवती उत्प्रेरणासेवा, न्यानो झोला वितरण र निःशुल्क गर्भपतन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
९. ५ वर्ष मुनीका बालबालिकाहरु, किशोरी तथा गर्भवतीहरुमा पोषणको अवस्थाको व्यापक स्किीनिङ्ग गरी कुपोषण रहित न.पा.को घोषणा गरिने कार्याक्रम जोडदार रुपमा अगाडी बढाईनेछ ।
१०. पूर्णखोप नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
११. पोषणको अवस्था सुधार गर्न गर्भवतीहरुलाई निःशुल्क प्रति भिजिट प्रति व्यक्ति १ के.जि.चना दिदै आईरहेको कार्यकमलाई निरन्तरता दिईनेछ ।
१२. सबै स्वा.चौकीहहरुमा WiFi सहित कम्प्युटरको व्यवस्था गरि प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ|
१३. स्वास्थ्य नीति अनुरुपको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई गोडैता नगरपालिकालाई स्वस्थ्य नगर बनाउने रणनीति अख्तियार गरिनेछ ।
१४. यसै आर्थिक बर्षमा आकस्मिक सेवाको लागि नगरपालिकाले Ambulance खरिद गरी संचालनमा ल्याईने छ र प्रत्येक गर्भवतीलाई सुरक्षित सुत्केरी गराउन घरबाट स्वास्थ्यचौकी सम्म र सुत्केरी भई सके पछि घर सम्म पुर्याउन निःशुल्क Ambulance को व्यवस्था मिलाईनेछ ।
१५. यसै आर्थिक बर्ष देखि मुख्य मंत्री घरदैलो स्वास्थ्य सेवा संचालन गरिनेछ|
१६. महामारी तथा रोग नियन्त्रण कार्यक्रम अन्तर्गत बहुनिकाय अन्तरकिया कार्यक्रम संचालन गरिनेछ ।
१७. जनसंख्या व्यवस्थापन का उपयुक्त सबै उपायहरु अवलम्बन गरिनेछ|
१८. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनको आधारमा खण्डीकृत तथ्यांक सहित यस पालिकाको प्रोफाइल तयार गरिनेछ|
१९. स्वस्थ्य जीवन शैलीका उपायहरु प्रबर्धन गरि नसर्ने रोगहरुको प्रभाव न्यूनीकरण, रोकथाम र उपचारका सबै उपायहरु अवलम्बन गरिनेछ |
२०. किशोरकिशोरीको स्वास्थ्यलाई सुनिश्चित गर्न हरेक स्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री सेवा केन्द्र स्थापना गरिनेछ |

२१. स्वास्थ्य सेवाबाट बञ्चितरहेका मुश्लिम,दलित, विपन्न तथा अपांगता भएका व्यक्तिहरु, लैंगिक तथा यौनिक अल्प संख्यकसहित अरु टाढा वस्तीमा रहेका व्यक्ति तथा समुदायलाई विशेष सेवा संचालन गरि स्वास्थ्य सेवामा सबैको पहुचमा पुर्याउन आवश्यक सम्पूर्ण रणनिति अवलम्वन गरिनेछ|

२२ उत्कृष्ट प्रमुख, स्वास्थ्य संस्था,स्वास्थ्यकर्मी, कर्मचारीहरुलाई पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ|

२३. यस पालिका भित्रका औषधि पसलहरु , किलिनिकहरु, निजि अस्पतालहरु, कानून बमोजिम छ छैन एकिन गरि व्यस्थापन गरिनेछ|

२४ स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा बिस्तार गरिनेछ ।

२५ डिजिटल फैमिलि हेल्थ फोल्डर कार्यक्रम संचालन गरी प्रत्येक घरधुरीको डाटा अध्यावधिक गरी आवश्कता अनुसार स्वास्थय सेवाहरु संचालन गरिनेछ ।

२६ सबै स्वास्थ्य संस्थाहरुको भैतिक पूर्वाधार निर्माण गरी औषधी तथा उपकरणहरु प्रयाप्त मात्रामा पुर्याउने

२७ १००% Institutional delivery पालिका घोषणा गराउने कार्य लाई तिब्रताका साथ लागु गर्दै आर्थिक बर्ष २०७९।०८० मा वडा नं.११ लाई 0 Home delivery वडा घोषणा गर्न आवश्यक कार्यकमहरु संचालन गरिनेछ ।

## शिक्षा निति

१. विधालय उमेरका सबै वालवालिकाहरुलाई १००% विधालय भर्ना सुनिश्चित गरिनेछ|
२. केन्द्र बाट छनोट भएका नमूना विद्यालय ,विशेष विद्यलयको कमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्ती भएका प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापन गरिनेछ ।
३. आधारभुत तह कक्षा ६-८ र माध्यमिक तह ९-१२ मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
४. शैक्षिक पँहुच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको व्यवस्था गरिनेछ ।
५. स्वास्थ्यको लागी खेलकुद र राष्ट्रको लागी खेलकुद तथा खेलकुद मार्फंत विद्यार्थीहरुको चौतर्फि विकासको लागि राष्ट्रपति खेलकुद मार्फत विभिन्न खेलहरु आयोजना गरिनेछ ।
६. सामुदायिक विद्यालका छात्राहरुको लागी नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन गरिनेछ ।
७. गोडैता नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी उपस्थिती,सिकाई उपल्वधि,बालमैत्री विद्यालय,निरन्तर विद्यार्थी मूल्यांकन, विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयवन र वातावरणमैत्री विद्यालय आदी सूचकका आधारमा शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।
८. विद्यार्थी टिकाउदर बढाउन विद्यालय स्तरमा तोकिएको विद्यार्थीहरुको लागी दिवाखाजा लाई निरन्तरता दिइनेछ ।
९. शैक्षिक सुधारको निम्ति शैक्षिक गोष्ठी संचालन गरिनेछ ।
१०. शिक्षकहरुको पेशागत विकासको लागी शैक्षिक सामाग्री शिक्षक निरर्देशिका तथा अन्य आवश्यक सामाग्री उपल्ब्ध गराईनेछ ।

११. विद्यार्थीहरुको भाषिक तथा तार्किक क्षमता बढाउनको लागी आधारभुत तथा माध्यमिक स्तरिय वादविवाद वक्तृत्व कला प्रतियोगिता कार्यक्रम गराईनेछ ।

१२. आधारभुत तथा माध्यमिक विद्यार्थीलाई सामान्यज्ञान पुस्तक वितरण गरिनेछ ।

१३. सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृती प्रदान गरिनेछ ।

१४. हरेक माध्यमिक तहका विधालायहरुमा कम्प्युटर ल्याब र पुस्तकालय स्थापना गरिनेछ|

१५. हरेक माध्यमिक तहका विधालायहरुमा किशोरकिशोरी मैत्री सुचना केन्द्र स्थापना गरिनेछ|

१६. सबै विधालयको कम्पाउण्ड वाल, गेट, रंगरोगन, बहु प्रयोग हुने खाले महिला पुरुष चर्पी, पार्क,शुद्ध खानेपानीको व्यवस्था सुनिश्चित गरिनेछ |

१७. हरेक माध्यमिक तहका विधालायहरुमा प्रोजेक्टर र जेनेरेटर को व्यवस्था गरिनेछ|

१८. उत्कृष्ट प्र.अ., विधालय, कर्मचारी, शिक्षकहरुलाई पुरस्कार एवम सम्मानको व्यवस्था गरिनेछ |

१९. यस पालिका भित्रका सबै निजि विधालायहरुको लागत तायर पार्ने, कानून बमोजिम संचालन भएको नभएको, पछाडी पारिएको समुदायहरुको वालवालिका हरु पढाए नपढाएको, शुल्क निर्धारण एवम् गुणस्तरीय शिक्षा कायम भएको सुनिश्चित गरिनेछ |

## लैंगिक समानता तथा समाजिक समावेशिकरण निति

१. लैंगिक समानता कायम गर्न र लैंगिक हिँसा उन्मुलन गर्न सबै उपायहरु अवलम्बन गरिनेछ|

२. वाल विवाह सहित समाजमा सबै खाले हानिकारक अभ्यासहरू उन्मुलन गर्न सबै उपायहरु अवलम्बन गरिनेछ|

३. लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति बनेको छ त्यसलाई अनुमोदन गरि सिफारिस भएका कार्यक्रमहरु कार्यान्वन गरिनेछ|

४. न्यायिक समिति लाइ थप प्रभावकारी बनाइ सामाजिक न्यायलाइ सुनिश्चित गरिनेछ |

५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण सुनिश्चित गर्न विषय विज्ञ लाइ सम्पर्क व्यक्ति तोकी यस क्षेत्रका कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाइनेछ|

६. यस पालिकाबाट दिइने सेवा तथा अवसरहरुमा लैंगिक सन्तुलन कायम गर्न नीति अवलम्बन गरिनेछ |

७. पछाडी पारिएका समुदायहरुलाई साकारात्मक विभेद मार्फत क्षतिपुर्तिको व्यवस्था गरिनेछ |

८. अपाङ्गता भएका व्यक्तिहरुको लागी पुर्नस्थापना कार्यक्रम लागु गरिनेछ ।

९. यस नगरपालिकामा रहेका अपाङ्ग पूर्नस्थापना केन्द्रलाई संचालनमा ल्याईनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धि निति

१. एक वर्ष भित्रमा यस नगर क्षेत्रमा रहेका सडक,पुल, नाला, सिचाई नहर, कुलो, खानेपानी, भवन, सडक वत्ति, कल्भर्ट तथा अन्य संरचना हरुको डिजिटल लगत तयार पारिनेछ |

२. नगरपालिकाको आफ्नो प्रशासनिक भवन निर्माण कार्यप्रारम्भ गरिनेछ |

३. सिचाई सुविधा पहुच बढाउँन नगर भित्र का सबै कुलो, नहरको निर्माण र मर्मत गरि पूर्ण रुपमा संचालनमा ल्याइनेछ|

४. सबै वडा कार्यालयहरुको भवन सेवाग्राही मैत्री बनाइनेछ |

५. नगरभित्रका सम्पूर्ण सडकहरुलाई क्रमशः कालोपत्रे र आरसीसी ढलान गरिनेछ ।
६. नगरभित्र सबै सडकहरुलाई मापदण्ड बमोजिम फराकिलो बनाइनेछ ।
७. नगरभित्र सबै वस्तीहरुमा सडकको दुवै किनारमा क्रमशःपक्कि नाला निर्माण गरिनेछ ।
८. हुलाकी सडकबाट गोडैता बजार हुदै रामवन सिसौट सम्मको बाकि काम पुरा सम्बन्धित निकायमा पहल गर्नेछ ।
९. नगरभित्र पानी टंकी हरु संचालनमा ल्याइनेछ ।
१०. गोडैता बजार भित्रका सडकलाई मापदण्ड बमोजिम फराकिलो बनाइ, नाला निर्माण, कालोपत्रे कार्य पुरा गरिनेछ ।
११. नगरपालिकाको केन्द्र गोडैता बजारबाट चारै तिर जाने सडकहरु कालोपत्रे गर्न पहल गरिनेछ ।
१२. गोडैता बजारका ट्राफिक जामलाइ समाधान गर्न निर्मित नालामाथि **RCC** ढकनको व्यवस्था गरिनेछ ।
१३. गोडैता बजार भित्रका सडकमा पसल थाप्न, गाडी पार्किंग गर्न निषेध गरिनेछ ।

## उद्योग तथा रोजगारी तर्फ

१. गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम उद्यमीको स्तरउन्नती (आवश्यकता तथा पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

२. गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नँया लघु उद्यमी सिर्जना गरिनेछ ।

३. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागी कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

४. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रहीसबै प्रकारका उद्योगहरुको व्यवस्थापनको लागि एकीकृत नीति तर्जुमा गरी व्यवस्थित गरिनेछ ।

## भवन,आवास तथा सहरी विकास तर्फ

१. आवास व्यवस्था कार्यक्रम अन्तर्गत आ.व.२०७९/०८० मा गोडैता नगरपाकलिका सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि बनाई लक्षित वर्गको लागी कार्यक्रम संचालन गरिनेछ ।।

२. भवन निर्माण संहिता मापदण्ड बनाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

३. संघ सरकारबाट प्राप्त अनुदानबाट वडा नं.३ मा निर्माणाधिन गरिब परिवारको लागी सामूहिक भवन , विधालय तथा बाटो निर्माण कार्यलाई निरन्तरता दिनेछ ।

## साहित्य,कला , साँस्कृति र पर्यटन

१. बजिक्का भाषाको संरक्षण,प्रवर्द्धन र उत्थानको लागी कवि सम्मेलन तथा नगरपालिका भित्रका बालबालिकाहरुको लागी बजिक्का भाषाको किताब छपाइ बितरण गरिनेछ ।

२. समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक,हितकारी, सांस्कृति मुल्य मान्यताको विकासका लागी नगरपालिकाको तर्फबाट विषेश पहल गरिनेछ ।

३. नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण,प्रवर्द्धनका लागी आवश्यक रणनीति तय गरिनुका साथै त्यस्ता सम्पदाहरुको संरक्षण र विकासको लागी आवश्यक कदम चालिनेछ ।

४. यस न.पा. भित्र संचालन हुने विभिन्न,सांस्कृतिक खेलकुद, मेला लाई पर्यटन प्रवर्द्धन गर्न मेलालाई महोत्सवको रुपमा आयोजना संचालन गरिनेछ ।

## सहकारी क्षेत्र

१. सहकारी संस्थाहरुको सुदृढीकरण,विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन,नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।

२. सहकारी मार्फत कृषि क्षेत्र सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्द्धनको लागि पहल गरिनेछ ।

३. वित्तिय सेवा तथा प्राविधिको पहुच्च विस्तार गर्न सहकारी शिक्षा तथा शीपमुलक कार्यक्रम संचालन गरिनेछ ।

४. गोडैता नगरपालिका भित्रका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र नभएका वडाहरुमा पनि आफ्नो उत्पादनको बजारीकरणका लागी बिकी डिपो राख्न सक्ने व्यवस्था गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

१. विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषमा रकम बृद्धि गरिनेछ ।

२. विपद प्रति कार्ययोजना निमार्ण गर्ने तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधि बनाई विपदमा परेको नागरिहरुलाई क्षतिपुर्तीको आधारमा वर्गीकरण गरी सहयोग उपलब्ध गराइनेछ ।

३. विपद परेको समयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा गोडैता नगरपालिकाको स्वास्थ्य कर्मचारी लगायत अन्य व्यक्तिहरुको सहकार्य तथा समन्वयमा स्पेशल टास्क फोर्स गठन गरी तत्काल कार्यान्वयनमा ल्याईनेछ ।

४. यस नगरपालिका भित्र वृक्षरोपन कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

५. प्लाष्टिकको झोला तथा प्लाष्टिकजन्य वस्तुहरुको उपभोगमा न्यूनीकरण गर्ने नीति बनाई कार्यान्वयनमा ल्याइनेछ साथै प्लाष्टिक झोला मुक्त नगरपालिका घोषणाको विशेष पहल गरिनेछ ।

६. नगरपालिकाको सुन्दरता र वातारणीय स्वच्छताको लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

## सामाजिक विकास

१. अति विपन्न, अनाथ एवम् असहाय महिला, बालबालिका गरिब तथा बालबालिकामा आपत विपत परेका र अन्य विभिन्न कारणले आफ्नो भाग्यलाई दोष दिई आत्मगलानीमा बाच्न बाध्य नागरिकको जीवन रक्षाको लागि तत्काल औषधी उपचार, राहत वा उद्धारका लागि राहत कार्यविधी बनाई कार्यान्वयनमा ल्याइने छन् ।

२. सामाजिक क्षेत्रका कार्यक्रम संचालन गर्दा स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी र सहकार्य गरिनेछ ।

३. जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गका लागि विभिन्न कार्यक्रम तथा स्वास्थ्य सुविधाको लागि निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउन आवश्यकता अनुसार अन्य बैंक सँग सम्झौता गरी भत्ता वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।

५. अपाङ्ग परिचय-पत्र वितरण कार्यलाई सहज सुलभ बनाइनेछ र जेष्ठ नागरिक परित्रय पत्र वितरणलाई सम्बन्धित वडावाट वितरण गर्ने व्यवस्था गरिनेछ ।

६. नगर भित्र हुने विभिन्न अपराधिक गतिविधी जस्तै चोरी डकैती लागु औषध, दुरव्यसानी लैङ्गिक तथा घरेलु हिंसालाई रोक्न नेपाल प्रहरी न्यायिक समिति लगायत अन्य साझेदार निकाय सँग समन्वय गरी आवश्यक कदम चालिनेछ ।

## उपभोक्ता हित संरक्षण

१. बजार अनुगमन समिति मार्फत गोडैता नगरपालिका भित्र संचालन भएको होटेल, खाद्य सामाग्री पसल लगायत जनताले उपभोग गर्ने अन्य खाद्य सामाग्रीको विक्रि वितरणमा कडाईको साथ अनुगमन गरी उपभोक्ताको हित प्रवर्द्धन गरिनेछ ।

२. खाद्य वस्तु तथा सेवाको मुल्य सूची सबै उपभोक्ताले देखिने गरी उपयुक्त स्थानमा राख्ने व्यवस्था ल्याइनेछ ।

## राजश्व क्षेत्र

१. नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागी राजश्व प्रशासनमा सुधार गरिनेछ । राजश्व प्रशासनलाई चुस्त,सरल,प्रविधमैत्री एवम् करदारता मैत्री बनाईनेछ ।कर चुहावटका क्षेत्रको पहिचान गर्दै करको दायरा विस्तार गरी राजश्व संकलनमा वृद्धि गरिनेछ । साथै कर संकलनमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२. राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । कर सुचना प्रणालीमार्फत राजश्व सम्बन्धी तथ्यांक अद्यावधिक गरिनेछ ।

## खेलकुद क्षेत्र

१. खेलकुद क्षेत्रको विकासको लागीको विगतदेखी नै संचालनमा रहेको मेयर क्रिकेट कप लाई यस आर्थिक वर्ष २०७९/०८० मा निरन्तरता दिइनेछ ।

२. गोडैता नगरपालिका भित्रका विद्यालयहरुमा स्वास्थ्यका लागी खेलकुद,मर्यादित र अनुशासित समाजका लागी खेलकुद नाराको सार्थकताको लागी प्रत्येक विद्यालयहरुमा नियमित खेलकुद संचालन गर्न नगरपालिकाको शिक्षा शाखा मार्फत आवश्यक अनुगमन र पहल गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास .

१. नगरपालिकावाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र नतिजा उन्नमुख बनाउन साथै नगरपालिकामा सुशासन प्रवर्द्धन गर्नका लागि गोडैता नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि समय सपेक्ष तालिम तथा क्षमता विकासमा जोड दिइनेछ ।

२. सार्वजनिक सुनवाई सामाजिक परिक्षण तथा सार्वजनिक लेखा परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

३. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा सुचना प्रविधिमैत्रीमा आधारित बनाईनेछ ।

४. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,छिटो र छरितो बनाउनुको साथै सेवा प्रवाहमा हुने अनियमिता, भष्ट्राचार ,भोलीबाद, प्रकृयामूखी झण्झट जस्ता समस्या समाधान गर्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र कडाई साथ लागु गरि कार्यान्वयनमा ल्याइनेछ ।

५. गोडैता नगरपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलव्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न गोडैता नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ बनाई कार्यान्वयनमा ल्याइनेछ ।

सम्मानित सभाका सदस्यज्यूहरु
अब म आर्थिक बर्ष २०७९/०८० को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गइरहेछु ।

**आ.व.२०७९/०८० आय अनुमान**

| | | | |
|---|---|---|---|
| **संघिय सरकारको अनुदान** | बितिय समाकिरण | १४८९००००० | १४ करोड उन्नानवे लाख । |
| | सर्शत अनुदान पुजिगत | ४२९००००० | ४ करोड २९ लाख । |
| | सर्शत अनुदान चालु | २४१४००००० | २४ करोड १४ लाख । |
| | सम्पुरक अनुदान पुजिगत | १०००००००० | १ करोड । |
| | बिशेष अनुदान पुजीगत | १०००००००० | १ करोड |
| | **जम्मा अनुदान** | **४५३२००००००** | **कुला जम्मा ४५ करोड ३२ लाख ।** |
| **प्रदेश सरकारको अनुदान** | बितिय समाकिरण | १०७०००००० | १करोड ७० लाख । |
| | सर्शत अनुदान पुजिगत | ८०००००० | ८० लाख । |
| | बिशेष अनुदान पुजिगत | ४०००००० | ४० लाख । |
| | समपुरक अनुदान पुजिगत | २५००००० | २५ लाख । |
| | **जम्मा अनुदान** | **२५२०००००** | **कुल जम्मा २ करोड ५२ लाख** |
| **आन्तरिक आम्दानी** | | | |
| **राजश्व बाडफाड** | संघिय | १०९२४७००० | १० करोड ९२ लाख ४७ हजार । |
| | प्रदेश | ४५००००० | ४५ लाख । |
| | आन्तरिक आय | ३०००००००० | ३ करोड |
| | **जम्मा अनुदान** | १४३७४७००० | **कुल जम्मा १४ करोड ३७ लाख ४७ हजार ।** |
| | | | |

यसरी आ.व.२०७९/०८० को कुल बजेट रु.६२ करोड २१ लाख ४७ हजार मध्ये पूजीगत तर्फ रु.२३ करोड ७० लाख र चालु तर्फ रु.३८ करोड ५१ लाख ४७ हजार विनियोजन गरिनेछ ।

**आदरणीय महानुभावहरु !**

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहयोग, सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतीक दलहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सदभाव, सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभावाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ बिदा लिन्छु ।

**धन्यावाद !**
देबेन्द्र कुमार यादव
नगर प्रमुख